बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष–१४ ।। अङ्क : ०४७ ।। २०७८ चैत्र ०३ गते बिहिबार (17th Mar 2022 Thursday) **Pratidin** National Daily dNo-?=%÷-

# ढिलासुस्तीले चारआली–केचना सडक अधुरै



**झापा (प्रस) ।** निर्माण व्यवसायीको ढिलासुस्तीका कारण पटक-पटक म्याद थप गर्दासमेत हुलाकी सडकअन्तर्गत चारआली-केचना सडकको निर्माण पूरा हुन सकेन । दुई महिनाअघि नै ९० प्रतिशत काम भइसके तापनि हाल व्यवसायीले बेवास्ता गर्दा निर्माणमा अवरोध भइरहेको हुलाकी राजमार्ग योजना कार्यालय इटहरीका इञ्जिनियर प्रमोद खतिवडाले जानकारी दिए ।

उनका अनुसार चारआली- केचना ४० किलोमिटर सडक निर्माणका लागि २०७३ असोज १७ गते निर्माण कम्पनी कालिका कनकाई याङथुम्हाङ जेभी र लामा डाँफे कंचनजंघा जेभीले २०७५ चैत १६ गते निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेका थिए । तर पटक-पटक म्याद थप गर्दासमेत सडक निर्माणको काममा ढिलाइ भइरहेको उनको भनाइ छ ।

उनले सडक निर्माणको अन्तिम म्याद यही चैत ३० गतेसम्म रहेको बताउँदै भने,'अब सडक निर्माणका लागि भनेर म्याद थप गर्ने योजना छैन ।' तोकिएको मितिसम्म काम पूरा नगर्ने निर्माण व्यवसायीलाई कानुन अनुसार कारबाही हुने उनले बताए ।

उनले भद्रपुर नगरपालिकाभित्र रहेको संगम चोकदेखि भानु चोकसम्मको ५०० मिटर, बनियानी र सकुनाडिगीमा ५०० मिटर गरी एक किलोमिटर क्षेत्र मात्र निर्माण गर्न बाँकी रहेको बताए । उनले सडक निर्माण रोक्नुपर्ने कारण देखाउन आग्रह गर्दै निर्माण व्यवसायीलाई पटक-पटक पत्राचार गर्दासमेत लिखित कारण देखाउन नसक्ने र तत्काल बनाउँछौं भन्दै मौखिक जवाफ मात्र दिने गरेको बताए । सडक निर्माणका लागि कार्यालयबाट चारआलीदेखि देउनिया खोलासम्मका लागि ४१ करोड ६५ लाख र देउनिया खोलादेखि कचनकवलसम्मका लागि ४२ करोड ५६ लाख ठेक्का सम्झौता रकम रहेको जानकारी दिए ।

# जमरकट्टेल र काफ्लेले जन्मदिनमा गरे सहयोग





**बिर्तामोड (प्रस) ।** शिक्षासेवी सुमन शर्मा जमरकट्टेल र पत्रकार गोपाल काफ्लेले सामाजिक काममा सहयोग गरी जन्मदिन मनाएका छन् । देवभूमि इङ्लिस स्कुल अर्जुनधाराका संचालक समिति अध्यक्ष जमरकट्टेलले बिर्तामोड ९ स्थित सहिद लक्ष्मी आधारभूत स्कुलका १ सय ३० जना बालबालिकालाई टाइ र पेटी वितरण गरेका छन् ।

ग्रामीण भेगमा रहेको सो विद्यालयमा विपन्न वर्गका बालबालिका अध्ययनरत छन् ।केही समय अगाडि नगरपालिकाले पोशाक वितरण गरेको थियो र अन्य सामग्री अभाव भएकोले दाताहरुलाई सहयोग गरिदिन आग्रह गरेको थियो ।

ब्यबस्थापन समिति हरि चौलागाईंको अध्यक्षता रहेको कार्यक्रममा प्रधानाध्यापक बिरेन्द्र बुढाथोकी, सदस्य प्रेम भण्डारी ,प्रदिप संग्रौलालगायतको उपस्थिति रहेको थियो ।कार्यक्रममा बोल्दै जमरकट्टेलले आगामी दिनमा विद्यालय रुपान्तरण र विकासमा सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गरेका छन् । कार्यक्रमको संचालन बालबालिका तथा शिक्षा संचार मञ्चका अध्यक्ष सरोज पौडेलले गरेका थिए।

त्यस्तै साझामञ्च डटकमका सम्पादक गोपाल काफ्लेले आफ्नो जन्मदिनमा प्रेस चौतारी झापाको पत्रकार उपचार सहयोग कोषलाई १० हजार १०० रुपैयाँ सहयोग गरेका छन् ।

साझामञ्चको बिर्तामोडस्थित कार्यालयमा संक्षिप्त कार्यक्रमको आयोजना गर्दै जन्मदिनको अवसरमा काफ्लेले पत्रकार उपचार सहयोग कोषलाई सो रकम हस्तान्तरण गरेका हुन् । कोषका संयोजक सन्तोष आचार्यलाई नेकपा एमाले झापाका जिल्ला कमिटी सदस्य एवम् प्रचार विभाग प्रमुख समेत रहेका काफ्लेले १० हजार १०० रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् ।

प्रेस चौतारी नेपाल झापाको उपचार सहयोग कोषका परिकल्पनाकार समेत रहेका काफ्ले संगठनका निवर्तमान केन्द्रीय सदस्य हुन् । उनले कोषलाई सहयोग गर्न सबै पत्रकारलाई आह्वान समेत गरेका छन् ।

चेक हस्तान्तरण कार्यक्रममा संगठनका जिल्ला उपाध्यक्ष प्रदीप परियार, प्रदेश कमिटी सदस्य रमेश तिवारी, सचिव प्रकाश पौडेल, सहसचिव तिलक योञ्जनलगायतको उपस्थिति रहेको थियो ।

# इन्जिनियर्स एशोसिएसनको केन्द्रीय सदस्यमा सुवेदी निर्वाचित

**बिर्तामोड (प्रस) ।** नेपाल इन्जिनियर्स एशोसिएसन (एनइए) को केन्द्रीय सदस्यमा बिर्तामोडका रोशन सुवेदी निर्वाचित भएका छन् ।

१ नं प्रदेश समितिको निर्वाचनबाट एकमात्र केन्द्रीय सदस्यमा उनी निर्वाचित भएका हुन् । ३६७ मत ल्याएका सेन्टर फर डेमोक्रयाटिक इन्जिनियर्स नेपाल (सिडेन) का सुवेदीले विराटनगरका पवनकुमार झालाई ९२ मतले पराजित गरे । केन्द्रीय सदस्यमा निर्वाचित हुने स्यारोन कन्सल्टेन्सीका प्रोप्राइटर सुवेदी नेपाल इन्जिनियर्स एशोसिएसन बिर्तामोड च्याप्टरका संस्थापक अध्यक्ष हुन् । उनी नेपाल भ्यालुयर्स एशोसिएसन मेची च्याप्टरका संस्थापक अध्यक्ष पनि हुन् । विद्यार्थीकालदेखि राजनीति थालेका सुवेदी २०५५ सालमा पूर्वाञ्चल इन्जिनियरिङ कलेज धरानको स्ववियू सभापति भएका थिए । प्रजातान्त्रिक विचारमा आस्थावान उनी नेपाली कांग्रेस झापाको प्रदेश २ 'क' को प्रदेश प्रतिनिधि हुन् ।

नेपाल इन्जिनियर्स एशोसिएसनको १ नं प्रदेश सभापतिमा जयनाथ यादव निर्वाचित भएका छन् । त्यस्तै उपसभापतिमा सुरेश श्रेष्ठ , सचिव महेश धिताल, सहसचिव सरोज भट्टराई र कोषाध्यक्षमा विभास मिश्र निर्वाचित भएका छन् । त्यस्तै सदस्यहरुमा सुवाष कर्ण , अभिनाश ठाकुर , भेषराज घिमिरे , सुधिर यादव , प्रदीप पराजुली , सचिन मण्डल , सुवर्ण बस्नेत , मनिशा कार्की , धर्मेनकुमार चौधरी र दीपा गौतम निर्वाचित भएका छन् ।

नेपाल इन्जिनियर्स एशोसिएसनको नयाँ नेतृत्वका लागि भएको निर्वाचनमा ६ प्रदेशमा लोकतान्त्रिक समूह पदाधिकारीसहित बहुमत पदमा निर्वाचित भएको छ ।

६ प्रदेशमा सेन्टर फर डेमोक्रयाटिक इन्जिनियर्स नेपाल (सिडेन) को नेतृत्वसहित बहुमत पदमा निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ । एशोसिएसनको अध्यक्षमा प्रदेश १ मा जयनाथ यादव, वाग्मतीमा रोहिणी पौडेल ,गण्डकीमा वृजेन्द्र केसी, लुम्बिनीमा शैलेन्द्रकुमार श्रेष्ठ, कर्णालीमा हरि केसी र सुदूरपश्चिममा प्रदीपकुमार पन्त निर्वाचित भएका छन् । मधेस प्रदेशमा श्यामकिशोर यादवको अग्रता देखिएको छ ।

त्यस्तै केन्द्रीय नेतृत्वमा पनि सिडेनका पदाधिकारी एवं सदस्यले बहुमतमा अग्रता कायम गरेका छन् । लोकतान्त्रिक समूहबाट अध्यक्ष पदमा डा. हरिबहादुर दर्लामी नेतृत्वको समूह प्रतिस्पर्धामा छ ।

यसैगरी प्रगतिशील समूहबाट सुरज लामिछाने नेतृत्वको समूहले प्रतिस्पर्धा गरिरहेको छ ।

# मोटरसाईकलको ठक्करबाट बृद्धाको मृत्यु

**झापा (प्रस) ।** उदयपुरको बेलका नगरपालिका-६ मा मदन भण्डारी लोकमार्गमा मोटरसाईकलले ठक्कर दिंदा एक बृद्धाको मृत्यु भएको छ ।

बुधवार बिहान पौने ११ बजे स. ७ प ८६९२ नम्बरको मोटरसाईकलको ठक्करबाट घाईते भएकी पैदलयात्री बेलका नगरपालिका-३ की ७६ बर्षीया राममाया आलेको उपचारको क्रममा बेलका नगर अस्पतालमा मृत्यु भएको हो । मोटरसाईकल र चालक त्रियुगा नगरपालिका-७ का २० बर्षीय बिष्णु भट्टराईलाई ईलाका प्रहरी कार्यालय रामपुर उदयपुरले नियन्त्रणमा लिई दुर्घटनाको सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ ।

हार्दिक बधाई तथा शुभकामना



यस न्यू भिजन बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष आदरणीय ई.रोशन सुवेदी नेपाल इन्जिनियर्स एशोसिएसन (एनइए)को केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएकोमा बधाई दिँदै उहाँको सफल कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

सार्दुलहाङ ओली
सचिव

नविनकुमार शिवाकोटी
उपाध्यक्ष

न्यू भिजन बचत तथा ऋण सहकारी संस्था परिवार
बिर्तामोड -४ , झापा

# पपुवा न्युगिनीमाथि नेपालको संघर्षपूर्ण जित



**झापा (प्रस) ।** नेपालले आइसिसी विश्वकप लिग-२ त्रिकोणात्मक क्रिकेट प्रतियोगितामा बुधबार पुपुवा न्युगिनीमाथि दुई विकेटको कठिन जित हात पारेको छ । युएईको सारजहाँ रंगशालामा पपुवा न्युगिनीले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर दुई सय चार रनको मध्यम योगफल खडा गरेको थियो। प्रत्युत्तरमा नेपालले ४९.२ ओभरमा आठ विकेटको क्षतिमा दुई सय १० रन जोडेको थियो।

नेपालको जितमा इनिङ्सको ४९औं ओभरमा अलराउन्डर करण केसीले आवश्यक रन पूरा गरेका थिए। अन्तिम ओभरमा नेपाललाई ६ बलमा पाँच रन चाहिएको थियो। पुपुवा न्युगिनीबाट अन्तिम ओभर रिलेय हेकुरेले बल फ्याँकेका थिए। हेकुरेलको पहिलो बल लेग वाईका रूपमा चौका भएको थियो। त्यसपछि दोस्रो बलमा करणले छक्का प्रहार गरी नेपाललाई जित दिलाए।

नेपालले विश्वकप लिग २ मा नौ खेलबाट १० अंक जोडेको छ । नेपाल छैटौं स्थानमा छ । करणले २५ बलमा दुई छक्का र एक चौकाको सहयोगमा २९ रनको नटआउट इनिङ्स खेलेका थिए। यसैगरी मध्यक्रमका ब्याट्सम्यान

❖ बाँकी अन्तिम पृष्ठमा

हार्दिक बधाई तथा शुभकामना



नेपाल इन्जिनियर्स एशोसिएसन (एनइए)का बिर्तामोड च्याप्टर अध्यक्ष ई.रोशन सुवेदी सेन्टर फर डेमोक्रयाटिक इन्जिनियर्स नेपाल (सिडेन)का तर्फबाट एनइएको केन्द्रीय सदस्यमा निर्वाचित हुनु भएकोमा बधाई दिँदै उहाँको सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ई. बिकेन्द्र श्रेष्ठ
प्रोप्राईटर

ईन्नोभेटिभ डिजाईनर्स एण्ड ईन्जिनियर्स एसोसिएट्स (IDEA)

कपूरी ब्रदर्स
बिर्तामोड, झापा

कर्मचारी आवश्यकता

कपूरी ब्रदर्स (सुजुकी सोरुम) का लागि निम्न कर्मचारीहरु आवश्यकता परेको हुँदा इच्छुक महानुभावहरुले आफनो बायोडाटासहित तुरुन्त सम्पर्क राख्नुहोला ।

१. सेल्स मेन / मार्केटिङ - २ जना पुरुष
२. पार्टस सुपरभाईजर - १ जना पुरुष
तलब - आपसी समझदारीमा

नोट : सम्बन्धित काममा दक्ष तथा अनुभवीलाई विशेष प्राथमिकता ।

KAPURI

कपूरी ब्रदर्स
बिर्तामोड ( सुगम पेट्रोल पम्प उत्तर ) झापा
मो.नं. ९८०२६००५१६ , ९८०२६००५३५

# तक्षशिलाको १५औं बार्षिकोत्सव



*बिर्तामोड (प्रस) ।* झापाको बिर्तामोड-६ घण्टीबारीस्थित तक्षशिला एजुकेशन फाउण्डेशन (सनसाइन किन्डर हाउस) को १५औं बार्षिकोत्सव तथा होलीमिलन कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालयले बुधबार कोभिड-१९को सुरक्षा मापदण्डलाई ध्यानमा राख्दै जिल्लाका प्रतिष्ठित व्यक्तित्व तथा अभिभावकलाई उपस्थित गराएर विद्यार्थीकै अगुवाईमा साँस्कृतिक कार्यक्रमसहित बार्षिकोत्सव र होलीमिलन कार्यक्रम गरेको हो । विद्यालयका प्रिन्सिपल रोहित ढुंगेलले घरेलु शान्त वातावरणमा आवश्यक प्राविधिक ज्ञानसहित विद्यार्थीको चाहना अनुसारको गुणस्तरीय शिक्षा विद्यालयले प्रदान गरिरहेको बताए । त्यस्तै विद्यालय व्यवस्थापन समितिकी संस्थापक अध्यक्ष पूजा गिरीले विद्यालयले कक्षा १० सम्मको स्वीकृति लिइसकेको बताउँदै हाल कक्षा-८ सम्म अध्यापन भइरहेको जानकारी दिइन् ।
विद्यालयकी क्याप्टेन कक्षा ७ की विद्यार्थी निजरा मेचेले स्वागत गरेको कार्यक्रममा विद्यालयका निर्देशकहरु मनिष गिरी, अंकित गिरी, श्रद्धा गिरी बोहोरासहित अभिभावक, विद्यार्थी, शिक्षा क्षेत्रका विशिष्ट व्यक्तित्वलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा विद्यार्थीले मनोरञ्जनात्मक सांस्कृतिक प्रस्तुती प्रस्तुत गरेका थिए ।

---

**पपुवा...**

रोहितकुमार पौडेलले सर्वाधिक ५८ रनको योगदान दिए। रोहितको यो चौथो एकदिवसीय अर्धशतक हो। उनले ८५ बलमा चार चौका प्रहार गरेका थिए। आरिफ शेख ८१ बलमा दुई चौकाको सहयोगमा ५३ रन बनाए। आरिफको यो पहिलो एकदिवसीय अर्धशतक हो।

लक्ष्य पछ्याएको इनिङ्समा नेपाल एक समय ४२-४ को कमजोर अवस्थामा थियो। पाँचौं विकेटका लागि आरिफ र रोहितले एक सय दुई रनको कीर्तिमानी साझेदारी गर्दै नेपाललाई जिततर्फ लगे। यसअघि एकदिवसीयमा आसिफ शेख र ज्ञानेन्द्र मल्लले गत असोजमा ओमानविरुद्ध दोस्रो विकेटका लागि ९५ रनको सर्वाधिक साझेदारी गरेका थिए। ब्याटिङमा असफल भएका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले बलिङमा एक विकेट लिन सफल भए। एकदिवसीय खेलमा पहिलो विकेटका रूपमा उनले पपुवा न्युगिनीका मुख्य ब्याट्सम्यान तथा कप्तान असाद भालालाई इनिङ्सको २४औं ओभरमा कुशल भुर्तेल क्याचआउट गराए। भालाले ५२ बलमा एक चौका प्रहार गरे। बलिङमा सोमपाल कामीले १० ओभरमा ४८ रन खर्चेर ३ विकेट लिए। कप्तान सन्दीप लामिछानेले १० ओभरमा ३० रन खर्चेर १ विकेट हात पारे। आरिफ शेखले ६ ओभरमा १६ रन खर्चेर एक विकेट लिए। नेपालबाट सागर ढकालले एकदिवसीय क्रिकेटमा डेब्यु गरेका छन्।

सागरले आफ्नो डेब्यु खेलमा बलिङ मात्र गर्न अवसर पाए। उनले चार ओभर गरी २४ रन खर्चे। पपुवा न्युगिनीविरुद्ध रोहितकुमार पौडेल म्यान अफ दी म्याच भए। नेपालले दोस्रो खेल घरेलु टोली ओमानसँग शुक्रबार खेल्नेछ।


## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधै लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


# विद्यार्थीहरूले गरे मुख्य न्यायधीशसंग अन्तरक्रिया

*पथरीशनिश्चरे ।* पूर्वोत्तर मोरङमै नमुना विद्यालयको रूपमा स्थापित पञ्चायत नमुना माविमा कानुन संकायका विद्यार्थीले विराटनगरस्थित मुख्य न्यायालयका मुख्य न्यायधीशसंग अन्तरक्रिया गरेका छन् । कानुन संकायअन्तर्गत कक्षा -१२ मा अध्ययनरत विद्यार्थीले मुख्य न्यायालयका मुख्य न्यायधीश तिलप्रसाद श्रेष्ठसंग विद्यार्थीसँग अदालत कार्यक्रममा अन्तरक्रिया गरेका हुन् ।
न्याय र न्याय निरुपणसम्बन्धी उठेका प्रश्नमाथि विद्यार्थी नम्रता सुवेदीले वादी पक्षले मात्र बहस गरेको विषयमाथि जिज्ञासा राखेकी थिइन् भने महेन्द्र खातीले बालअधिकार र संविधानतः यसको कार्यान्वयनको सन्दर्भमा आफ्ना जिज्ञासा राखेका थिए । उनले फौजदारी अभियोजन र दिवानी संहिताका बारेमा आफ्नो उमेर समूहका मानिसमाथि शतप्रतिशत न्याय हुन नसकेको गुनासो पोखेका थिए ।



सोहि क्रममा अर्की विद्यार्थी पार्वती बानियाँले समाजमा बालिका बलात्कृत हुँदै गएको घटनाहरू उल्लेख गर्दै बालिका बलात्कार भएपछि हुने सामाजिक दुर्व्यवहार र अपराधजन्य घटनाबारे प्रश्नोत्तर गरेकी थिइन् । विद्यार्थी सन्ध्या राईंले पनि गर्भवती महिला र आमाको नामबाट नागरिकता प्राप्तिमा जटिलता रहेको तथ्य उल्लेख गर्दै ती आमाको कोखबाट जन्मेका बालबालिकाले समयक्रममा पाउने सामाजिक न्याय र दण्डबारे सवाल उठाएकी थिइन् ।
कानुनका विधार्थीहरूले उठाएका जिज्ञासा निरूपण गर्दै मुख्य न्यायलयका मुख्य न्यायधीश श्रेष्ठले संघीयता कार्यान्वयनको चरणमा भएकोले धेरै कुरा संशोधन हुँदै र थपिँदै गएकोबारे प्रस्ट्याएका थिए । १८ वर्षमाथिका मानिसले जबरजस्ती करणी गरे कडा सजाय हुने, अपराधजन्य भए पनि वा सहमतिबाटै यौनसम्पर्क भए यसलाई बलात्कार कसुरअन्तर्गत सजाय हुने कानुनी व्यवस्था रहेको बताए ।
कार्यक्रममा विद्यालयको तर्फबाट भूमिप्रसाद पाठक, प्रमिला न्यौपाने र इन्द्रकुमार लुईंटेलले सहजीकरण गरेका थिए भने अदालतको तर्फबाट रजिष्ट्रार जितेन्द्रबहादुर थपलिया र शाखा अधिकृत ओमराज सुवेदीले सहयोग गरेका थिए ।

# टेन नवोदय पथरीशनिश्चरे लिगको फाइनलमा

*पथरीशनिश्चरे (प्रस) ।* मोरङको पथरीशनिश्चरे नगरमा जारी इन्ट्रा पथरीशनिश्चरे फुटबल प्रिमियर लिगको नकआउट चरणको पहिलो खेलबाट टेन नवोदय एफसी फाइनलमा प्रवेश गरेको छ ।



न्यू स्टार एफसी नकआउट चरणबाटै बाहिरिएको छ। बुधबार भएको सेमिफाइनल खेलमा टेन नवोदयले न्यू स्टार एफसीलाई एकका विरुद्ध दुई गोल गर्दै फाईनलमा स्थान बनाएको हो । समूह 'ए' को विजेता टेन नवोदयका जर्सी नं ९ का खेलाडी रोशन माझीले खेलको पूर्वाधकै ३० सेकेन्डमा न्यू स्टार एफसीविरुद्ध गोल गर्दै आफ्नो टिमलाई १-० को अग्रता दिलाएका थिए।
खेलको १२ मिनेटमा टेन नवोदयका जर्सी नं १६ का सन्तोष केसीले पुनः अर्को गोल गर्दै आफ्नो टिमलाई २-० को अन्तरमा पुर्याए ।
यसैवीच, खेलको १७ औं मिनेटमा न्यूस्टार एफसीका जर्सी नं २७ का खेलाडी सुरेन्द्र लिम्बुले प्रहार गरेको बल जोगाउने क्रममा टेन नवोदयका अर्का खेलाडी राज तामाङले आफ्नै पोष्टमा आत्मघाती गोल गरेपछि न्यू स्टार एफसीले १ गोल उपहार पाएको थियो। बुधवारको खेलको म्यान अफ दि म्याच न्यू स्टार एफसीका जर्सी नं ९ का दिपेन माझी घोषित भए । उनलाई प्रमुख अतिथि मनोज विक्रम शाह र खेल आयोजक समितिका अध्यक्ष सन्दिप गिरीले संयुक्त रूपमा ३ हजार रुपैयाँसहित मेडल र ट्रफी प्रदान गरेका थिए। बिहीवारको खेल समूह 'ए'को शिखर एफसी र समूह 'बी' को उपविजेता द रियल व्रोदर्स एफसीबीच हुने आयोजक समितिका सचिव मनि लुम्फुवा लिम्बुले बताएका छन् ।


## हार्दिक बधाई तथा शुभकामना



नेपाल इन्जिनियर्स एशोसिएसन (एनइए)का बिर्तामोड च्याप्टर अध्यक्ष ई.रोशन सुवेदी सेन्टर फर डेमोक्रयाटिक इन्जिनियर्स नेपाल (सिडेन)का तर्फबाट एनइएको केन्द्रीय सदस्यमा निर्वाचित हुनु भएकोमा बधाई दिँदै उहाँको सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ई. कमलप्रसाद कोईराला
झापा अध्यक्ष
सेन्टर फर डेमोक्रयाटिक इन्जिनियर्स नेपाल (सिडेन)


## सूचना सूचना सूचना



साविक जिल्ला भोजपुर गा.वि.स. तिम्मा वडा नं.३ तथा हाल जिल्ला झापा भद्रपुर न.पा. वडा नं.१ निवासी भारतीय सैनिक ७/११ जि.आर.JC २२२८२०W सुवेदार मेजर होनेरी लप्टन श्री गंगाप्रसाद राईकी श्रीमती सन्तकुमारी राईको जिल्ला प्रशासन कार्यालय झापाबाट जारी ना.प्र.प.नं.०४-०१-७८-११५३८ मा जन्म मिति वि.सं.२०१२/०२/०५ (ई.सं. १९५५/०५/१९)उल्लेख भएको र पेन्सन अभिलेखमा जन्म मिति ई.सं. १९५७/०३/१५ उल्लेख भएको हुँदा उक्त दुवै फरक फरक जन्म मिति भएको व्यक्ति अलग अलग नभई एकै व्यक्ति सन्तकुमारी राईको भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# लागूऔषध दुर्व्यसनविरुद्धको प्रशिक्षण

*भद्रपुर (प्रस) ।* झापाको चन्द्रगढीमा लागूऔषध दुर्व्यसनविरुद्धको एकदिने जनचेतनामुलक प्रशिक्षण सम्पन्न भएको छ ।
सामुदायिक प्रहरी सेवाकेन्द्र चन्द्रगढीले जिल्ला आयुर्वेद चोकमा बुधवार आयोजना गरेको कार्यक्रममा स्थानीयहरुलाई दुर्व्यसनविरुद्धको प्रशिक्षण दिइएको हो ।
केन्द्रका अध्यक्ष दुर्गाप्रसाद पाठक र सचिव धनप्रसाद शिवाकोटीले संयुक्त रुपमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा केन्द्रका सल्लाहकार देवेन्द्र गौतमले शुभकामना मन्तव्य राख्दै लागूऔषध नियन्त्रण गर्न सम्पूर्ण समुदाय लाग्नुपर्ने बताए । कार्यक्रममा प्रहरी हवल्दार अमरकुमारी खड्का ,केन्द्रका पदाधिकारीलगायत स्थानीयहरुको सहभागिता रहेको थियो । पाठकको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव शिवाकोटी र स्वागत मन्तव्य केन्द्रका बरिष्ठ उपाध्यक्ष बाबुराम कार्कीले गरेका थिए ।

**भुलसुधार**

यस प्रतिदिन दैनिकको चैत २ गते पहिलो पृष्ठमा प्रकाशित बाह्रदशी १ नं वडा कार्यालय आफ्नै भवनमा शीर्षक समाचार दोहोरिएको र फोटो अर्कै पर्न गएकोले भुलसुधार गरिएको छ
–सम्पादक

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री मैया ओली पश्चिमः पुनम लिम्बु उत्तरः सडक दक्षिणः उत्तम उप्रेती को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री दुर्गा राज सुवेदीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९ ०१५९ | २०८ | १५२.३६ | २०७८/ ०९/२० | २०७८/ ०९/२० | २०७८/ १२/०२ |


## हरि ओम UPVC उद्योग

बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरूः यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रूफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।



नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# राष्ट्रसंघको उद्धेश्यमाथि प्रश्न

**रुस र युक्रेनबीचको युद्धका कारण विश्व बजार नै प्रभावित भएको छ। बेलायती प्रधानमन्त्री बोरिस जोनसनले बुधबार खाडी मुलुकको उच्च नेतृत्वसँग छलफल गरी इन्धन बजारलाई सन्तुलनमा राख्न पहल गरिने बताएका छन् । रूस–यूक्रेन युद्धका कारण गन्जागोल बनेको इन्धन बजारलाई शान्त पार्न थप तेल पम्प गर्न साउदी अरब र संयुक्त अरब इमिरेट्ससँग छलफल हुने प्रधानमन्त्रीको कार्यालयले जानकारी गराएको छ ।**

**रूसी तेलमा आफ्नो निर्भरता अन्त्य गर्न र तेल बजार सन्तुलनमा राख्ने प्रयासवरूप उनको यूएई र साउदी अरबको भ्रमण तय भएको बताइएको छ । यूएईका राजकुमार मोहम्मद बिन जायदसँग वार्ताका लागि जोन्सन अबु धाबी आइपुगेका छन्। उनी यतैबाट रियाद पनि जानेछन्।**

**रुसका राष्ट्रपति भ्लादिमिर पुटिनको कथित 'विशेष सैन्य कारबाही'का कारण युक्रेनमा भएको भिषण मानवीय क्षतिमा सभ्य भनिने संसार किनाराको साक्षी हुन पुगेको छ। प्रसूति अस्पतालमा समेत बम वर्षा प्रहार गरेर सुत्केरी आमा र नवजात शिशुको हत्या गरिएको समाचार मानवताको इतिहासका कलक्त हो।**

**यस मानवता विरोधी अपराधमा पुटिनको आक्रमणको विरोध गरेर पनि तमासा हेर्ने युरोप र अमेरिका वा तटस्थताको बहानामा पुटिनलाई धाप मार्ने चीन, भारत पनि जिम्मेवार देखिएका छन् । साथै, संयुक्त राष्ट्रसंघ नामको एउटा विश्व संस्थाको त स्थापनाको मूल उद्देश्यमै प्रश्न उठेको छ।**

**एउटा स्वतन्त्र राष्ट्रमाथि बलियो छिमेकीले गरेको सैनिक आक्रमणमा अस्पताललगायत नागरिक क्षेत्रमा समेत बम वर्षाइएको छ। करिब ३० लाख युक्रेनीहरू ज्यान जोगाउन शरण खोज्दै देशबाहिर भागेका छन् । सीमा क्षेत्रमा शरणार्थीहरूको लामो लाम लागेको समाचार छ।**

**रुसी सैनिकले कब्जा गरेको मारिउपोलमा मात्र २ हजारभन्दा बढी गैरसैनिक मारिएका छन् । संयुक्त राष्ट्र बालकोषका अनुसार रुसको आक्रमणपछि प्रत्येक सेकेन्ड कम्तीमा एक जना केटाकेटी शरणार्थीका रूपमा देश छाड्न बाध्य पारिएका छन्। युक्रेन आक्रमणमा देखिएको बहुलठ्ठी र बलमिच्याइँ हेर्दा रुसले आणविक हतियार प्रयोग गर्ने जोखिम बढेर गएको छ। सम्भवतः यही कारणले युक्रेनले पुटिनमाथि अन्तर्राष्ट्रिय अदालत वा इजलास खडा गरी मुद्दा चलाउन माग गरेको हो । कमजोर युक्रेनको माग त अहिले पूरा नहोला तर नैतिकरूपमा रुसका राष्ट्रपति पुटिनले यस नरसंहारको जिम्मा लिनुपर्छ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# फागु पूर्णिमा



होली हे .... नेपाली जनको प्रिय । अनि विशिष्ट रङ्गिन पर्व । फागु , होली , फागु पूर्णे अनेक नामले यो पर्व चिनिन्छ । होलीकाबारे नेपाल अनि भारतमा विभिन्न कालखण्डमा धेरै कालजयी कृतिहरू अनि गीतहरू रचना गरिएका छन् । परापूर्व कालदेखि यो पर्व चलिआएको छ । उति बेलाका अयोध्या राज्य होस् या अवध राज्य , मिथिला राज्य होस् या २२ से या २४ से राज्यहरू नै किन नहुन् , वसन्त ऋतुको यो महान् पर्व होलीका पृष्ठभूमिहरू अनि मनाइएका चलनहरू प्रशस्तै इतिहासमा वर्णित छन् । काठमाडौँको वसन्तपुरमा विधिपूर्वक चीर ठड्याएपछि होली पर्व औपचारिक सुरुवात हुन्छ । हनुमान ढोकाको गद्दी बैठकमा तीनतले चीर ठड्याइन्छ , फागुन शुक्ल अष्टमीका दिन । अनि वसन्तपुरमा ध्वजासहित लिङ्गो गाड्दै फागु पर्वलाई स्वागत गरिन्छ ।

असत्यमाथि सत्यको जीत भएको सूचकका रुपमा यो चीर राखिन्छ । पछि लगेर टुँडिखेलमा चीरलाई बिर्सजन गर्ने चलन छ । जलेको चीरको खरानी शुभ लक्षण रूपमा बासिन्दाहरूले घर-घरमा लैजाने गर्छन् । त्रेता युगमा भगवान् विष्णुका परम् भक्त प्रह्लादसँग होलीलाई जोडेर हेरिन्छ । दैत्यराज हिरण्यकशिपुका पुत्र प्रह्लादलाई उनको आफ्नै फुपू होलिकाले आगोमा भष्म पार्न लाग्दा उनी आफै आगोमा भष्म भएको दिनका रूपमा ' होली-पर्व ' पर्दापण भएको मानिन्छ । दैत्यराज हिरण्यकशिपु आफनै पुत्र प्रह्लाद भगवान् भक्त भएकामा क्रोधी बनेका थिए । भगवान् विष्णुको नरसिंह अवतारको वर्णन अनि उत्पत्ति पनि होली अनि भगवान्भक्त प्रह्लादका घटना क्रमसँग सम्बन्धित छ ।

नारद पुराण र भविष्य पुराणमा होलीको महत्व अनि चलनको चर्चा गरिएको छ । भगवान् श्रीकृष्णलाई दूध खुवाएर मार्न आएकी राक्षसनी पुतनाको पनि आजकै दिन बालक कृष्णले वध गरेको उल्लेख गरिएको छ । यसरी पुतनाको बध भएपछि गोपालवासीहरूले जयजयकार गर्दै आजको दिनको रङ्गिन उत्सव मनाएको कथा पनि धार्मिक ग्रन्थहरूमा पढ्न पाइन्छ । नीलो रङ्गले मानवता र धैर्यतालाई दर्साउँछ भने पहेँलो रङ्ग भगवान् श्रीकृष्णको प्रिय रङ्ग मानिन्छ । होलीका बेला सौभाग्यको सूचक रातो रङ्गको प्रयोग पनि आज व्यापक गरिन्छ । शुक्ल पक्षको ठुलो चन्द्रको छत्रछायाँमा होली-गीत गाउँदै रातभरि कार्यक्रम आयोजना गर्ने चलन पनि छ । आजको दिन नेपालको पहाडी जिल्लाहरुमा सार्वजनिक बिदा दिइएको छ । उपत्यका लगायत अन्य ठाउँहरूमा आजै अर्थात् फागुन पूर्णिमाकै दिन अनि तराई क्षेत्रमा भोलिपल्ट दिन बिदा दिइन्छ । वास्तवमा भन्ने हो भने होलीले मानिस अनि रङ्गहरूबीचको सम्बन्ध अनि रङ्गले पार्ने उत्साहजनक प्रभाव पार्छ भन्ने मान्यता राखिन्छ । के बालक ? के वृद्ध ? अनि के वयस्क ? होली सबैको पर्व हो । धार्मिक मान्यता एकातिर होला , केवल उत्साह अनि सद्भावका रूपमा हेरेरै त होला चाहे जुनसुकै धर्म या समुदायका हुन् , होलीमा एउटै आँगन र तालमा झुम्मिन्छन् ।

बाल-बालिकाले पिचकारी अनि स-साना बेलुनका साथमा मज्जा लिन्छन् । फेरि पिचकारी बजारमा किन्न पाउने मात्र नभई तराईतिर बाँस काट्दै बनाइएका पिच्कारीहरु अथवा प्रयोग गरिसकेका पुराना प्लास्टिकका बोतलबाट बनाइएका पिच्कारीहरु पनि हुन्छन् । वयस्कका निम्ति होली रङ्गहरू अनि भ्रातृत्व र साहसको पर्व हो । सुरु-सुरुमा जो कोही पनि यसपाला म रङ्ग खेल्दिनँ भनी बस्छन् । तर सुस्तरी रङ्गिन माहौल अनि साथी-भाइको रङ्ग भरिएका हात अनि पानीका फोहोराबाट बच्न हम्मे हम्मे पर्छ । पुराना यादहरू सँगाल्दै अनि अबिर र केसरीको चुटुक्क टिकाका साथमा वृद्ध पुस्ताले दिएका आशिषको पनि होलीमा विशेष महत्व रहन्छ । तराईतिर त झन् पोखरी नै रङ्गिन पुग्छन् , रङ्गहरूले ।

खेल्न नमान्ने अनि आनाकानी गर्नेहरूलाई चोपलेर पोखरीमै फालिदिने चलन पनि छ । पहाडमा भन्दा एक दिनपछि मात्र तराईमा होली मनाउने चलन छ । तराई-होली विशेष भोलि हुने गरेको छ । यो पर्वमा खाने कुराहरूमा आज मालपुवाको विशेष महत्व रहन्छ भने तराईतिर भने तरुवा , भरुवाको विशेष महत्व हुन्छ । सरसुको दानालाई सिलौटोमा पिसेर अनि मरमसला मिसाएर भान्टाभित्र राखी तारिएको भरुवाको आज विशेष महत्व हुन्छ । अर्कोतर्फ भाङको घोटा अर्थात् गाउँतिर पाइने भाङको दानाको धुलो बनाई दूध अनि चिनीको मिश्रणमा हालेर बनाइएको घोटा खाँदै अनि खुवाउँदै जोगीरा सररर.... को तालमा नाच्नुको विशेष महत्व हुन्छ । पहिले-पहिले होलीका दिनमा लोला अनि फोहोर पानीहरू मिसाएर पदयात्री अनि काममा निस्केका मान्छेहरूलाई ताकेर हानिने चलन धेरै थियो । तर बिस्तारै यसरी होली मनाउने चलन घट्दै गएको छ तर जे होस् , होलीको उल्लासमा यो वर्ष पनि पहाड र तराईका जिल्लाहरूमा कमी आउने वाला छैन । होलीको कृपाले भ्रातृत्व अनि सदाचारको वृद्धि होस् ।

# बहुस्तरीय शासनको अभ्यास



• गोपीनाथ मैनाली

आधुनिक उदारवादी शासन प्रणाली शास्त्रीय शक्ति अभ्यासको साँघुरो सीमाबाट माथि उठेको छ । शासन प्रणालीले शासनको अवधारणाबाट सहकार्य र सबै क्षेत्रको ज्ञान , सीप र सम्भावना उपयोग गर्नेतर्फ फड्को मारेको छ । शक्ति अभ्यासका पात्रहरू शासक र शाषितको भन्दा सरोकारवालाको सहसम्बन्धीय भावना आबद्ध हुँदैछन् । सम्बन्ध र अन्तर्क्रियाका धेरै माध्यम खुला भएका छन् । यस अर्थमा व्यापक सहकार्यमार्फत वैधता र व्यावसायिकता विस्तारले राज्यका सबै संरचना र पात्रहरू शासनलाई पुनर्बोध गरिरहेका छन् । शासनमा धेरै पात्र र शक्ति अभ्यासका प्रक्रिया हुन्छन्, राजकीय व्यवस्थापन मूल सत्ता हो । जसलाई अरू पात्र र वृत्तिले सहकार्य गर्दछन् भन्ने मान्यता नै बहुस्तरीय शासनको अवधारणागत जग हो । यसले शासन भनेको उपलब्ध साधन, स्रोत र सम्भावनाको आदर्श अभ्यास हो, जो दाता र प्रदाताको हैसियतमा सम्भव हुँदैन , सबै पात्रहरूको आपसी परिचालनमा मात्र सम्भव छ भन्ने मान्यता राख्दछ ।

राष्ट्रिय आवश्यकता पूरा गर्न शासकीय संरचनाहरू , सरकारभन्दा बाहिरका पात्रहरू , अनौपचारिक सङ्गठनहरू र व्यावसायिक संस्थाहरू ठाडो र समतलीय रूपमा सहकार्य गर्दछन् । यसले यो पनि मान्यता राख्दछ कि शासकीय प्रभावकारिताका लागि सबै पात्रहरू आआफ्ना स्थानमा महत्वपूर्ण र विशिष्ट पनि छन् । शासकीय व्यवस्था परम्परागतबाट उदारीकृत अभ्यासमा आउँदा सरकारका तहहरू , क्षेत्रीय सङ्गठन , संघ - संस्था , मञ्च तथा मत अनौपचारिक र अनौपचारिक रूपमा राज्य प्रक्रियामा भाग लिने अवसर पाएका छन् । यो प्रक्रिया गतिशील छ । त्यसैले बहुस्तरीय शासन छुट्टै शासन पद्धति नभई स्रोत शक्ति अभ्यासको बृहत् सहकार्य हो , जहाँ राज्य संरचना मियोको रूपमा रहन्छ र यसभन्दा बाहिरका औपचारिक अनौपचारिक सङ्गठन , समूह तथा मञ्च सञ्जालहरू आफ्नो क्षमताअनुरूप शासन व्यवस्थामा सहकार्य गर्ने अवसरमा रहन्छन् । यो लादिएको वा प्रायोजित नभई स्वचालित हुन्छ । बहुस्तरीय शासनको सन्दर्भ बुझ्न बेल्जियमको नागोया प्रोटोकललाई दृष्टान्तमा लिन सकिन्छ । यसले बेल्जियम आफैँ स्वाधीन राष्ट्रराज्य भइकन अन्य पात्र र परिवेशसँग कसरी शासकीय सहभागितामा छ भन्ने राम्रो उदाहरण दिएको छ । यसले बेल्जियमले शासकीय प्रक्रियालाई गैरराज्यकरण ( डिस्टेटटाइजेसन ) , गैरराष्ट्रियकरण ( डिनेसनलाइजेसन ) र अन्तर्राष्ट्रियकरण ( इन्टरनेसनलाइजेसन ) गरेको देखाएको छ । जस्तो कि गैरराज्यकरण अन्तर्गत राज्यभन्दा बाहिरका पात्रहरूको भूमिकाको खोजी र परिचालन गर्दछ भने गैरराष्ट्रियकरणमा तहगत शासकीय एकाइ , सामुदायिक संरचना र प्रादेशिक निकायहरू शासकीय प्रक्रियामा सामेल हुन्छन् । अन्तर ाष्ट्रियकरणमा युरोपीय महासंघ र संयुक्त राष्ट्रसंघ एवं अन्य बहुराष्ट्रिय मञ्चहरू शासकीय प्रक्रियालाई सहयोग पुऱ्याउँछन् , यो सुपरनेसनल स्टक्चर पनि हो । यसर्थ बहुस्तरीय शासकीय व्यवस्थाअन्तर्गत समतलीय एवं सोपानीय ढाँचामा समुदाय, राज्य र अन्तर्राष्ट्रिय स्तरका संरचनाहरू क्रियाशील हुन्छन् । राज्य केन्द्रस्थलमा रहेर सहकार्यको बहुस्तरीय सञ्जाल फिजाइरहेको हुन्छ , मानौँ ऊ वैधता दिने नेटवर्क प्रबन्धक हो । यसले व्यावसायिकता, विश्वास , अवसर निर्माण र क्षमता विकासको स्वचालित प्रक्रियालाई संस्थागत गर्दछ । यो किन उपयोगी छ भन्दा पात्रहरू सम्भावना र क्षमता अनुरूप क्रियाशील हुने अवसर पाउँछन् , विश्वास र सहकार्यमा बाधिन्छन् , सम्भावनाका नयाँ अवसरहरू पैल्याउन सकिन्छ , पात्रहरू सबलीकृत हुन्छन् , सिक्ने सिकाउने प्रक्रियामा रहन्छन् , सामूहिकताले एकत्वबोध र दिगो विकास सम्भव गराउँछ । यसको सबैभन्दा ठूलो महत्व साथ छौ त सुरक्षित छौ ( टुगेदर वी आर वेटर ) भन्ने भावनाको अन्तरबोध हो । त्यसैले शासनको पुनर्बोध सहकार्यमा भएको छ । यो राज्य पुनसंरचनाको कार्यात्मक अवस्था हो ।

> नब्बेको दशकले विश्वभरि नै उदारीकरणको लहर ल्याएको थियो, नेपाल पनि त्यसबाट अछूतो रहन सक्ने कुरा थिएन । नेपालले उदारीकरणको नीति दर्शन अवलम्बनपश्चात् बहुस्तरीय शासनलाई क्रमशः अवलम्बन गर्दै आएको छ तर क्षमता र तत्परतालाई बहुस्तरीयशासनको आशयअनुसार सन्तुलनमा ल्याउन बाँकी छ ।

संविधानत : नेपाल उदार लोकतान्त्रिक शासन पद्धतिमा छ । वर्तमान संविधान जारी गर्नुअघि वि.सं. २०४८ बाट नै नेपाल उदारीकृत शासन व्यवस्थामा प्रवेश गर्न पुग्यो । नेपाल अधिराज्यको संविधान, २०४७ ले राज्यसंरचना बाहिरका पात्रहरू परिचालन गर्न राज्यलाई निर्देश गरेको थियो भने आठौँ पञ्चवर्षीय योजनाले विकासमा बहुपात्र प्रणालीको ढोका खोल्यो । नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्र परिचालन गरी सबल एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको नीति घोषणा गरेको छ भने बाह्य समाजसँगको अन्तरनिर्भरतालाई पनि स्वीकारेको छ । नेपाल राष्ट्रसंघीय पद्धति र अन्य बहुराष्ट्रिय मञ्चमा आबद्ध छ । नेपाल सरकारका राष्ट्रिय नीतिहरू अन्तर्राष्ट्रिय मूल्य मानकसँग समनुकूलित भएका छन् भने नेपालले अवलम्बन गरेका नीति मानकहरू अन्य राष्ट्र एवं संस्थाहरूले अपनाउन सक्ने वातावरण बनेको छ । यस प्रकारको सहकार्यात्मक अवस्थाले परम्परागत रूपमा संस्थागत भएको तहसोपानगत शक्ति अभ्यासलाई भत्काउँदै विभिन्न पात्रको व्यावसायिक क्षमतालाई राष्ट्र विकासमा उन्नयन गराउने मार्ग प्रशस्त गराएको छ । नागोया प्रोटोकलले भनेजस्तै बहुस्तरीय शासन प्रणालीका धेरै पात्र छन् । जस्तो कि स्थानीय शासनका निकाय सबैभन्दा महत्वपूर्ण पात्रहरू हुन् जसले स्थानीय सहशासनलाई मजबुत बनाउँछन् ।

स्थानीय तहहरू स्थानीय आवश्यकता पूरा गर्न आफैँ पनि अन्य स्थानीय पात्रसँग सहकार्य गर्छन् भने राष्ट्रिय सरकारका सरचनासँग पनि सहकार्य गर्छन् । स्थनीय तह राष्ट्रिय सरकारलाई नियन्त्रण, समन्वय र सहयोग गर्छ । शासनको स्थानीय चाख र राष्ट्रिय चाखमा भिन्नता हुन सक्छ । संघीय सरकार स्थानीय शासनमा प्रभावकारी हुँदैन । राष्ट्रिय सरकार पनि स्थानीय समस्या समाधानका राष्ट्रिय नीति प्राथमिकता कार्यान्वयन गर्न स्थानीय सरकारहरूसँग सहकार्य गर्छ , सोका लागि स्थानीय सरकारलाई शक्ति , साधन र क्षमताले सज्जित राउँछन् । प्रादेशिक तहहरू मध्यस्थ बिन्दुमा रहेर शासकीय सहकार्य गर्छन् ।

सहकार्यका औपचारिक प्रक्रिया कानुन तथा राष्ट्रिय मूल्यका रूपमा संविधानले घोषणा गरेको छ तर यत्तिले मात्र सहकार्य पर्याप्त हुँदैन , अनौपचारिक अन्तर्क्रिया र संवादका माध्यमले आपसमा बाधिन्छन् । सहकार्यका औपचारिक विधिलाई अनौपचारिक विधि र प्रक्रियाले सहज र गठिलो बनाउँछ । नेपाल आफ्नो राष्ट्रिय मूल्य र मौलिकतालाई संस्थागत गर्न विश्व शासनका प्रक्रियामा आबद्ध छ । अन्तर्राष्ट्रिय संस्थासँग औपचारिक विधिमार्फत पनि सहकार्य गरिरहेको छ । नेपाल सहकार्य र संवादका अनौपचारिक विधि / मञ्चहरू पनि आबद्ध छ । आन्तरिक रूपमा नागरिक समाज र सामुदायिक संस्थाहरू राज्य संरचनासँग सहकार्य गरिरहेका छन् । विभिन्न पेसागत समूहको व्यावसायिक क्षमताको उपयोग गरी सामाजिक रूपान्तरणको गतिशीलता बढाउने अभीष्ट पनि संस्थापित मूल्य हो । यी प्रक्रियाले सहकारितामूलक शासनलाई संस्थागत गर्ने अपेक्षा राख्न सकिन्छ । संविधानको धारा २३२ ले राज्यका तहहरू बीचको व्यवस्थापकीय , नीति कार्यक्रम र कार्यगत सहकार्यको आधार दिएको छ । राज्यका नीति तथा सिद्धान्तले राज्य बाहिरका पात्रहरूको सम्भावना उपयोगमार्फत राज्यका उद्देश्य पूरा गर्ने आशय राखेको छ । बहुस्तरीय शासनमा नेपालको अवस्थाको समीक्षा गर्दा केही उपलब्धि देखिए पनि सन्तोष मान्न सकिने अवस्था छैन । नब्बेको दशकले विश्वभरि नै उदारीकरणको लहर ल्याएको थियो, नेपाल पनि त्यसबाट अछूतो रहन सक्ने कुरा थिएन । नेपालले उदारीकरणको नीति दर्शन अवलम्बनपश्चात् बहुस्तरीय शासनलाई क्रमशः अवलम्बन गर्दै आएको छ तर क्षमता र तत्परतालाई बहुस्तरीय शासनको आशयअनुसार सन्तुलनमा ल्याउन बाँकी छ । वर्तमान संविधानले शासकीय तहहरूबीचको सहकार्य , राज्य संरचना बाहिरका पात्रहरूसँगको सहकार्य , नागरिक समाज एवं व्यावसायिक समूहसँगको सहकार्यको आधार दिएको छ । त्यस्तै अनौपचारिक समूह एवं सामाजिक सञ्जालसमेत शासकीय प्रक्रियामा स्वैच्छिक रूपमा सहभागी हुन पाइरहेका छन् तर संरचनागत व्यवस्थालाई कार्यसंस्कृतिले पनि साथ दिइसकेको छैन । पात्रहरूको आचरणको आधार पनि बलिया छैनन् । स्वतन्त्रताको शक्ति मूल्य संस्कृतिसँगको आबद्धीकरणमा मात्र सकारात्मक परिणाम दिन सक्छ । अहिले पनि राज्यका संरचनाहरूबाट वास्तविक उदारता र राज्यबाहिरका पात्रहरूमा आग्रहरहित क्रियाशीलता देखिन बाँकी छ । बहुस्तरीय शासनले राज्य शक्तिलाई क्षय गर्ने होइन , न गैरराज्य क्षेत्रलाई नीति बोझ मात्र दिने हो । बहुस्तरीय शासन ज्ञान तथा शक्ति निर्माणको अनन्त प्रक्रिया हो भन्ने साझा बुझाई स्थापना गर्न बाँकी छ । साथै रहेर धेरै गर्न सकिन्छ र गर्नुपर्छ भन्ने अन्तरबोध गर्न अझै बाँकी छ , जसका लागि नागरिक शिक्षाको जरुरी देखिएको छ ।

# होली पर्वको महत्व



• सीता प्याकुरेल



प्यारको रङ्गले रङ्गाइदेउ पिच्कारी, स्नेहको रङ्गले रङ्गाइदेउ दुनियासारी।
रङ्गले जगाइ दिन्छु प्रेमको सद्भावना, सबैलाई भन्छु म होलीको शुभकामना ।।
हामीले समयानुकूलका विभिन्न पर्वहरु मनाउँदै आइरहेका छौं। भर्खरै हामीले शिवजीको महिमा गाउँदै शिवरात्री मनाईसकेका छौं भने अब यसै फाल्गुन महिनाको महत्वलाई दर्शाउँदै फागु पुर्णिमा मनाउन गइरहेका छौं । वैदिक सनातन हिन्दु धर्ममा यी पर्वहरु मनाउनु यिनीहरूको आ-आफ्नो धार्मिक, सामाजिक, सांस्कृतिक एवं वैज्ञानिक महत्व रहेको छ ।

होली पनि एउटा हामी वैदिक सनातन हिन्दु धर्मावलम्बीहरुको महान चाड हो। विभिन्न चाडपर्वको पछाडि त्यो कहाँबाट, कसरी, कहिलेदेखि र किन सुरु भयो त्यसको आफ्नै इतिहास हुन्छ । होलीको पनि आफ्नै इतिहास छ। भगवान विष्णुका भक्त प्रह्लादका पिता दैत्यराज हिरण्यकशिपु भन्ने थिए । जो दुष्ट, दुराचारी भएर पनि आफूले आफैंलाई ईश्वर सम्झन्थे। जसले मान्दैन उसलाई मृत्युदण्ड समेत दिन्थे तर, उनलाई आफ्नै छोरा प्रह्लादले नै भगवान मान्दैन थिए । त्यसैले छोरालाई मार्न धेरै प्रयास गर्दा पनि नमरेपछि उनकी बहिनी होलीकाले जसले व्रम्हाजीबाट आगोबाट नमर्ने वरदान पाएकी थिइन् । त्यसैले त्यो वरदान प्रह्लादलाई मार्ने योजनामा प्रयास गर्दागर्दै भगवानले प्रह्लादमाथि कृपा गर्नु भयो र उनी बाँचे र होलीकाको मृत्यु भयो। उनले पाएको वरदान अभिसाप बन्यो र उनले मृत्युवरण गरिन् । यहाँ दुष्टको नाश र सज्जनको जीत भएको त्यसै खुशीयालीमा त्यही होलीका दहनको खरानीबाट नै होली खेल्ने उत्सव सुरुवात भएको हाम्रो इतिहास छ ।

हामीले के कुरा बुझ्नुपर्छ भने जसरी होलीकाको मनमा विभिन्न दुर्भावना, द्वेष, आदि थियो त्यसै कारण होलीकाको मृत्यु भयो। हाम्रा पनि त्यस्ता नकारात्मक भावनाहरु छन् भने ती भावनाहरुको होलीको अघिल्लो दिन चतुर्दशीको साँझमा होलीका दहन गरी अन्त्य हुनुपर्छ । मनमा विशुद्ध एवं निस्वार्थ भावनाको विकास गर्दै हामीमा भएको राक्षसी प्रवृतिको अन्त्य गर्नुको साथै पुराना कुराहरूलाई छाडेर नयाँ सुसम्बन्ध कायम गर्नुपर्छ किनभने होली शब्दको अर्थ नै सबैमा पवित्रता कायम गर्नु हो।

पहिले पहिले होलीमा उत्सव मनाउनको लागि भनेर विभिन्न किसिमका जडिबुटीहरु जम्मा गरेर तिनीहरुलाई सुकाएर कुटेर धुलो बनाई रङ्गहरु जम्मा गरिन्थ्यो र खेलिन्थ्यो। ती प्रत्येक रङ्गको आ-आफ्नो महत्व थियो तर, अहिले आएर अबिर आदि रङ्गहरुमा पनि विभिन्न रासायनिक पदार्थको मिश्रण भएको पाइन्छ । जसले गर्दा होली खेल्दा पनि एलर्जी आउने, टाउको दुख्ने हुन्छ । त्यसबाट हामीले बचेर होली खेल्नु उपयुक्त हुनेछ ।

अहिले हाम्रो समाजमा होली पर्व मनाउने क्रममा गुडिरहेका सवारी साधनमा, हिडिरहेका यात्रुहरुलाई लोला हान्ने, फोहोर पानी छ्याप्ने, जबर्जस्ती रङ्गहरु लगाइदिने जस्ता विभिन्न सामाजिक, धार्मिक, सांस्कृतिक बिकृति विसङ्गतिहरु देखापरेका छन् । तिनीहरूको अन्त्य हुनुपर्छ । समाजमा सुसंस्कार एवं सद्भावनाको विकास गर्नुपर्छ । आ-आफ्ना साथीहरूसंग भाइचाराको विकास गर्दै सद्प्रेमका साथ खेल्नुपर्छ । यस होलीले सबैको मनमा उमङ्ग छाओस् । सबै होलीप्रेमी बन्धुहरुमा सुख, शान्ति, समृद्धि एवं सुविचारको बृद्धि भएर जाओस् भन्ने हार्दिक मंगलमय शुभकामनासहित अन्त्य गर्न चाहन्छु । अस्तु!!

# गाउँमा बैंक, भुक्तानी सदरमुकामबाट

*झापा (प्रस)* । ताप्लेजुङको मिक्वाखोला गाउँपालिका-३ की महिला स्वास्थ्य स्वयंसेविका सावित्रा नेम्बाङ लिम्बू र सचिव संगीता रेग्मी आइतबार गाउँपालिकाको केन्द्र साँवा गए ।

उनीहरू स्वयंसेविकाले वडाका तर्फबाट पाउने प्रोत्साहन भत्ताको रकम लिन गएका हुन् । गाउँपालिकाले १ लाख ५० हजार रुपैयाँको चेक दियो । त्यही चेक लिएर नजिकैको सेञ्चुरी बैंकमा पुगे । बैंकले 'यत्रो पैसा भुक्तानी दिन सक्दैनौं, सदरमुकामको कार्यालयमा जानु' भन्यो । आइतबार सदरमुकाम पुग्ने समय थिएन । घर फर्किए र सोमबार सदरमुकाम फुङलिङ आए । फुङलिङको बैंकले पालिकाबाट पैसा हालेको देखिएन निश्चित गर्न भन्यो । पालिकाले इन्टरनेट नचलेकाले समय लाग्ने भनेपछि उनीहरूको बसाइँ सोमबार सदरमुकाम फुङलिङमै भयो । वडामा निवेदन, गाउँपालिकामा फाइल पेस, सदरमुकाममा भुक्तानीका लागि धाउँदाको यातायात, होटलवास र खानामा गरी १० हजार रुपैयाँ बढी खर्च भएको संगीता बताउँछिन् । यहाँको बैंकले एक जनालाई १० हजार रुपैयाँसम्म मात्रै भुक्तानी दिन सकेको स्थानीयको दाबी छ । बैंकका प्रबन्ध पुष्प पौडेल भने




कम्तीमा ५० हजार र बढीमा एक लाख रुपैयाँसम्म भुक्तानी दिएको दाबी गर्छन् । 'यहाँ स्थानीयबाट रकम जम्मा हुँदैन,' उनले भने, 'रकम सदरमुकामबाटै ल्याएर वितरण गर्नुपर्छ ।' धेरैले सदरमुकामको बैंकमा राख्नका लागि पनि गाउँबाट झिकेर लान खोजेकाले सदरमुकाममै साट्नुहोस् भनेको उनले बताए । 'रड, सिमेन्टलगायत योजनाका सामग्री पनि सदरमुकामबाटै खरिद गर्नुपर्छ,' पौडेलले भने, 'हाम्रो कार्यालय सदरमुकाममा पनि भएकाले त्यहींबाट लिँदा सहज हुने सुझाएका हौं ।'

मेरिङदेन गाउँपालिकाको अवस्था पनि यस्तै छ। एनसीसी बैंकका म्यानेजर सतिश भट्टराई एक पटकमा उपभोक्तालाई एकदेखि १ लाख ५० हजारसम्म मात्रै दिन सक्ने बताउँछन् । ' सामाजिक सुरक्षा भत्ताको रकम पनि यहींबाट दिनुपर्छ ,' उनले भने, 'दुई दिनसम्म हिँडेर आउँछन्, त्यसैले उनीहरूको चाहिँ नरोक्नका लागि उपभोक्तालाई पुरै भुक्तानी दिन नसकिएको हो ।' अरू बैंकको सदरमुकाममा कार्यालय भए पनि एनसीसीको भने गाउँपालिकामा मात्रै छ। सदरमुकाममा कार्यालय भएपछि जति पनि दिन सकिने सतिस बताउँछन् । गाउँपालिकाका प्रवक्ता सूर्य बराइली सामाजिक सुरक्षा भत्ता बैंकबाटै लिने प्रावधानले बुढाबुढीले साह्रै दुःख पाएको बताउँछन् । 'मागेको दिन पैसा नपाउँदा ठेकेदार र उपभोक्ताले मजदुरलाई पनि रकम दिन सक्दैनन्,' सूर्यले भने, 'गाउँमा बैंक हुँदा केही सहजता त छ तर सदरमुकाम धाउनुपर्ने बाध्यता भने हटेको छैन । मिक्वाखोला, मेरिङदेन मात्रै नभएर मैवाखोलालगायत गाउँपालिकाको समस्या पनि उस्तै छ। सदरमुकामको सनराइज बैंकमा मैवाखोलाका उपभोक्ताको लाइन लाग्छ । मैवाखोलाका एक उपभोक्ताले भने, 'बैंक एउटै भए पनि कतिपय अवस्थामा सदरमुकामको बैंकले पनि अर्को शाखाको काम हामीले किन गर्नु जस्तो मान्दा रहेछन् ।'

फक्ताङलुङ गाउँपालिकाका प्रवक्ता छेतेन वालुङ आफ्नो गाउँपालिकाको बैंकले ५० हजारसम्म दिने बताउँछन् । 'हामीले पनि सहयोग गरिरहेका छौं,' उनले भने, 'पैसा लानका लागि कहिलेकाहीं गाडी दिन्छौं, उनीहरूले पनि सानोतिनो भुक्तानी दिइरहेका छन् ।' बढी भुक्तानी हुने आर्थिक वर्षको अन्त्यमा पालिकाले पनि सहयोग गर्ने र बैंकले पनि सकेसम्म बढी दिने वालुङ बताउँछन् । यहाँ ग्लोबल आईएमई बैंक छ ।

भुक्तानी दिन नसकेको भन्दै मैवाखोला गाउँपालिकाले आफ्नै भवनमा रहेको बैंकमा एक आर्थिक वर्ष कारोबार गरेन। सर्वत्र आलोचना भएपछि उसले फेरि त्यहींबाट कारोबार थालेको छ । सबैभन्दा बढी तलब हुने शिक्षक, कर्मचारीले खातामा जम्मा हुनासाथ पैसा निकाल्ने र सदरमुकामको बैंकमा लगेर राख्ने गुनासो गाउँका बैंकका प्रबन्धकको छ । बैंकका एक कर्मचारीले भने, 'शिक्षक, कर्मचारी जस्ता बुद्धिजीवी वर्ग पनि गाउँमा नगद निकालेर सदरमुकामको बैंकमा जम्मा गर्न खोज्छन् ।'

# भरुवा बन्दुकसहित दुई पक्राउ



*झापा (प्रस)* । सुनसरीको बराहक्षेत्र नगरपालिका-५ सिमरवनमा जनजागृति सामुदायिक वनबाट ३ नाल भरुवा बन्दुकसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा बराहक्षेत्र-५ का ३६ बर्षीय पवनलाल माझी र बराहक्षेत्र-३ देवीथानका २७ बर्षीय मोहन श्रेष्ठ रहेका छन् । मंगलवार दिउँसो सवा ३ बजे बिशेष सूचनाको आधारमा प्रहरी चौकी भरोलबाट खटिएको प्रहरी टोलीले सामुदायिक वनमा शिकार खेल्न बसिरहेका माझी र श्रेष्ठलाई लोड भएको ३ नाल भरुवा बन्दुकसहित नियन्त्रणमा लिएको हो । भरुवा बन्दुकसहित पक्राउ परेका दुवै जनाको इलाका प्रहरी कार्यालय महेन्द्रनगर सुनसरीबाट थप अनुसन्धान भईरहेको छ ।

# बोतलमा पेट्रोल नबेच्न प्रशासनको चेतावनी



*झापा (प्रस)* । बोतलमा भरेर पेट्रोलियम पदार्थ बिक्री गर्ने व्यापारीलाई जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले २४ घण्टे अल्टिमेटम दिएको छ ।
फुङ्लिङमा बजार अनुगमको क्रममा अवैधानिक रुपमा खुल्ला रुपमा पेट्रोलियम पदार्थको कारोबार भइरहेको पाइएपछि बन्द गर्न २४ घण्टे अल्टिमेटम दिइएको हो ।
विश्व उपभोक्ता अधिकार दिवसका दिन मङ्गलबार जिल्ला प्रशासनसहित संयुक्त टोलीले सदरमुकाम फुङ्लिङ बजारको अनुगमन गरेको थियो । बजार अनुगमनका क्रममा पानीको बोतलमा राखेर जथाभावी पेट्रोलियम पदार्थ बिक्री गरेको भेटिएपछि यस्तो अवैध रुपमा प्रज्ज्वलनशील वस्तु पेट्रोल बिक्री वितरण गर्नेलाई कारबाही गरिने भएको हो । तोकिएको समयभित्र नहटाएमा वा बोतलमा राखेरै पेट्रोलियम पदार्थ बिक्री गरेको पाइएमा तत्काल जफत गरी बिक्रेतालाई कानुनबमोजिम कारबाही गरिने सहायक प्रमुख जिल्ला अधिकारी यमबहादुर भट्टराईले चेतावनी दिए । सदरमुकाम फुङ्लिङ बजारमा पहिलेदेखि नै तरकारी, किराना, फलफूलजस्ता पसलमा व्यापारीले पानीको बोतलमा भरेर पेट्रोलियम पदार्थ बिक्री वितरण गर्ने गरेका छन् । यस्ता पसलहरुमा बिक्री गरिने कतिपय पेट्रोलियम पदार्थमा पानी वा अन्य तरल पदार्थ मिसाएर बिक्री हुने गरेको बताइन्छ । यस्तै पेट्रोलियम पदार्थ अति प्रज्ज्वलनशील भएकाले आगलागीको जोखिम पनि उत्तिकै रहँदै आएको स्थानीयले बताउने गरेका थिए । यसरी विगतदेखि नै गैरकानुनी रुपमा पेट्रोलियम पदार्थ बिक्री वितरण गर्ने गरिएको भए पनि नियामक निकाय भने मुकदर्शक जस्तै भएको उपभोक्ताको आरोप छ । त्यस्तै मङ्गलबार गरिएको बजार अनुगमनका क्रममा म्याद गुज्रेका र सडे-गलेका खाद्य पदार्थहरु पनि फेला परेको अनुगमन टोलीले जनाएको छ । सदरमुकाम फुङ्लिङ बजारका माछा मासु पसलमा कुहिएको तथा सडेको माछामासु फेला परेको थियो । केही पसलमा निक्कै सडेको र कुहिएको माछा मासु फेला परेकाले जफत गरी नष्ट गरिएको सहायक प्रजिअ भट्टराईले जानकारी दिए । सडे-गलेको माछामासु बिक्री गरेको भेटिएपछि पुनः दोहोरिएको पाइएमा कानुनी कारबाही हुनेतर्फ सचेत गराइएको छ । यस्तै केही किराना पसलहरुमा म्याद गुज्रेका अखाद्य वस्तुहरु पनि फेला परेको बताइएको छ ।

# 'कांग्रेस नेतृत्वको सरकारले धनीपुर्जा बाँड्छ'

*बिर्तामोड (प्रस)* । नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले भूमिहीन, अब्यवस्थित बसोबासी र सुकुम्बासीहरुलाई जग्गाधनी प्रमाण पुर्जा वितरणको तयारीमा वर्तमान सरकार लागिरहेको बताएका छन् ।
नेपाली कांग्रेस अर्जुनधारा ४ न. वडा समितिद्वारा बुधवार भाङबारीमा आयोजित जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै सचिव हुमागाईले जग्गाको लगत लिन सुरु भैसकेको



हुँदा भूमि आयोगले चाँडै धनीपुर्जा बाँडने बताए ।
कांग्रेसले हुने काम र कुरा मात्र बोल्ने भनाई राख्दै नेता हुमागाईले एमालेले जनतामा छरेका भ्रम र केपी ओली सरकारले गरेका खर्बौ खर्बका भ्रष्टाचारका काण्डहरु जनतालाई सुनाएर वास्तविकता बुझाउन कार्यकर्ताहरुलाई आग्रह गरे ।
जेष्ठ नागरिक सल्लाहकार सभाका उपसभापति उमानाथ हुमागाईको सभापतित्वमा भएको कार्यक्रममा क्षेत्रीय प्रतिनिधि केदार खडका, अम्बर कटुवाल, प्रदेश 'ख' सदस्य मदन थापालगायत जेष्ठ नागरिकबाट बिभिन्न सुझावहरु संकलन गरिएको थियो ।

वडा सचिव सुरज राजवंशीले बुँदा टिपोट लिपिवद्ध गरेको उक्त कार्यक्रमको संचालन वडा सभापति खेम काफ्लेले गरेका थिए ।

प्रतिदिन
PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यहीं हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** आज कूटनीतिक नियोगको सहयोग मिल्ला । आफन्तको सहयोग प्राप्त हुनेछ । आज

**वृष** आज वैदेशिक कार्य अघि बढ्नेछ । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिथुन** आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । नजिकको मित्रसँग भेटघाट

**कर्कट** आज लाभदायक यात्रा हुनेछ । बिना प्रतिस्पर्धा फाइदा हुनेछ ।

**सिंह** मनमा निराशा र शरीरमा आलस्य आउला । कार्यमा बाधा आउनसक्छ ।

**कन्या** आज आँटेको र ताकेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** शुभारम्भको चर्चा चल्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक** जोशजाँगर र हिम्मत बढ्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ ।

**धनु** सानातिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु पर्नेछ ।

**मकर** रोकिएका काम पुन: सुरु हुन सक्छन् । लत्ता कपडामा खर्च बढ्न सक्छ ।

**कुम्भ** चिताएको कामले तीव्रता लिनेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ ।

**मिन** अतिथिको रूपमा सत्कार पाइन सकिनेछ । भौतिक साधन जुटाउने समय छ ।